**Feb 04, 2026**

**यो आकाशवाणी हो। समाचार हरिकुमार राईबाट सुन्नुहोस्।**

**सुरुमा प्रमुख समाचार**

१. राष्ट्रपतिद्वारा मणिपुरमा राष्ट्रपति शासन समाप्त

२. आज लोकसभाको कार्यवाही दिनभरि स्थगित

३. ब्राजिलका राष्ट्रपति यसै महिना भारत भ्रमणमा आउनुहुँदै

४. सर्वोच्च अदालतमा पश्चिम बंगालको SIR प्रक्रियालाई चुनौती दिने याचिकाहरूको सुनुवाइ जारी

५. आज अण्डर-१९ एकदिवसीय क्रिकेट विश्वकपको दोस्रो सेमिफाइनलमा भारत र अफगानिस्तान भिड्दै

--------------------------------------------

**Manipur-Rashtrapati Rule**

राष्ट्रपति द्रौपदी मुर्मुले आजदेखि लागू हुने गरी मणिपुरमा राष्ट्रपति शासन समाप्त गर्नुभएको छ। गत वर्ष फेब्रुअरी १३ मा राज्यमा राष्ट्रपति शासन लागू गरिएको थियो। यस सम्बन्धमा गृह मन्त्रालयले अधिसूचना जारी गरेको छ। अधिसूचनामा भनिएको छ, राष्ट्रपति श्रीमती मुर्मुले संविधानको धारा ३५६ अन्तर्गत राज्यसँग सम्बन्धित गत वर्ष जारी गरिएको राष्ट्रपति शासनको घोषणा समाप्त गर्नुभएको छ।

--------------------------------------------

**Prez-Visit**

त्यसै गरी, राष्ट्रपति द्रौपदी मुर्मु आज ओडिशाको छ दिने भ्रमणमा मयूरभञ्ज जिल्लाको आफ्नो गृहनगर रयरंगपुरमा हुनुहुन्छ। उहाँले भ्रमणको क्रममा धेरै कार्यक्रमलाई सम्बोधन गर्नका साथै स्थानीय सम्पदाको विकास र संरक्षणको महत्त्वमाथि प्रकाश पार्नुभयो।

--------------------------------------------

**Lak Sabha Adjourned**

भारत-अमेरिका व्यापार सम्झौता लगायत विभिन्न मुद्दामा विपक्षी सदस्यहरूले गरेको होहल्लाका कारण लोकसभा पहिले दिउँसो १२ बजेसम्म र त्यसपछि दिउँसो २ बजेसम्म स्थगित गरियो। प्रारम्भिक स्थगन पछि सदनको कार्यवाही पुनः सुरु हुँदा, विपक्षी सदस्यहरूले नाराबाजी गर्न थाले र सदनको वेलमा घुसे। लोकसभा अध्यक्ष ओम बिरलाले यसप्रति चिन्ता व्यक्त गर्नुभयो, सदनमा मर्यादा कायम राख्न आग्रह गर्दै, यस्तो व्यवहारले

लोकतन्त्र र जनताको विश्वासलाई कमजोर बनाउने बताउनुभयो।  श्री बिरलाको बारम्बार अपीलको बाबजुद, विपक्षी सदस्यहरूले होहल्ला जारी राखेपछि सदन दिउँसो २ बजेसम्म स्थगित गरिएको थियो। यसबीच, वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत-अमेरिका व्यापार सम्झौताबारे बयान दिनुभयो।

--------------------------------------------

**Brazil Prez Visit**

ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भा यसै महिना भारत भ्रमणमा आउनुहुनेछ। तीव्र गतिमा परिवर्तन भइरहेको विश्वव्यापी व्यवस्थाबीच उहाँको भ्रमणले द्विपक्षीय सम्बन्धलाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ। भारतका लागि ब्राजिलका राजदूत केनेथ एच. दा नोब्रेगाले एक समाचार एजेन्सीसँगको अन्तर्वार्तामा यो कुरा बताउँदै, व्यापार, प्रविधि र भूराजनीतिको क्षेत्रमा दुई देशबीच बढ्दो समन्वयलाई महत्त्वपूर्ण भएको बताउनुभयो।

--------------------------------------------

**SC-Mamta**

सर्वोच्च अदालतले पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन संशोधन SIR प्रक्रियालाई चुनौती दिने धेरै याचिकाहरूको सुनुवाइ गरिरहेको छ। पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले राज्यमा चलिरहेको SIR का क्रममा कुनै पनि मतदाताको नाम मेटाउन निर्वाचन आयोगलाई रोक्न अदालतलाई अपील गर्नुभएको छ। सुश्री ब्यानर्जीले सर्वोच्च अदालतलाई SIR प्रक्रिया वास्तविक प्रमाणीकरणको सट्टा ठूलो संख्यामा मतदाताहरूको नाम मेटाउन े उपकरणक ा रूपमा प्रयोग भइरहेको बताउनुभयो।

--------------------------------------------

**Rajya Sabha-Prez**

आज राष्ट्रपतिको सम्बोधनमाथि धन्यवाद प्रस्तावबारे राज्यसभामा छलफल पुनः सुरु भयो। छलफलमा भाग लिँदै केन्द्रीय मन्त्री तथा सदनका नेता जेपी नड्डाले राष्ट्रपतिको सम्बोधनले देश  विकासको कथा झल्काउने र यो अत्यन्तै प्रेरणादायी हो बताए। उहाँले भारत, जुन एक समय विश्वको पाँच सबैभन्दा कमजोर अर्थतन्त्रहरू मध्ये एक थियो, अब विश्वको सबैभन्दा द्रुत गतिमा बढ्दो प्रमुख अर्थतन्त्र बनेको उल्लेख गर्नुभयो। छलफलमा भाग लिँदै, राज्यसभाका विपक्षी नेता मल्लिकार्जुन खडगेले मोदी सरकारको शासनकालमा सामाजिक न्याय र सद्भावको अवस्था बिग्रिएको आरोप लगाउनुभयो। उहाँले सरकारलाई महिलाहरूक ा लागि आरक्षण किन लागू गरिरहेको छैन भनेर प्रश्न गर्नुभयो।

--------------------------------------------

**Lok Sabha-Vaisnav**

आज लोकसभामा रेलमन्त्री अश्विनी वैष्णवले सरकारले अमृत भारत स्टेशन योजना अन्तर्गत १७२ रेलवे स्टेशनहरूको पुनर्विकास गरिएको जानकारी दिँदै, यस योजना अन्तर्गत विकास कार्यका लागि हालसम्म १ हजार ३३७ स्टेशनहरू पहिचान गरिएको बताउनुभयो। उहाँले यस योजनामा स्टेशनहरूको विकासको लागि गुरुयोजना तयार गर्ने र यसमा चरणबद्ध कार्यान्वयन समावेश रहेको पनि बताउनुभयो। साथै, श्री वैष्णवले गुरुयोजना अन्तर्गत स्टेशनहरूमा पुग्ने सडकहरूको सुधार, प्रतीक्षालय, शौचालय, स्टेशनहरूमा बस्ने र पिउने पानीको व्यवस्था, पार्किङ क्षेत्र र दिव्याङ्गहरूका लागि सुविधाहरू समावेश रहेको पनि जानकारी दिनुभयो।

--------------------------------------------

**Rajya Sabha-Piyush Goyal**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज राज्यसभामा सरकारले भारत-अमेरिका व्यापार सम्झौतामा मल र कृषिजस्ता संवेदनशील क्षेत्रहरूमा विशेष ध्यान दिएको स्पष्ट पार्नुभयो। उहाँले यो सम्झौताले साना तथा मध्यम व्यवसाय, दक्ष कामदार र उद्योगलाई नयाँ अवसर प्रदान गर्ने बताउनुभयो। साथै, उहाँले सरकारले सार्वजनिक मञ्चहरूमा १४० करोड भारतीय नागरिकको ऊर्जा आवश्यकताको रक्षा गर्नु वर्तमान सरकारको सर्वोच्च प्राथमिकता रहेको पनि स्पष्ट पार्नुभयो। श्री गोयलले राष्ट्रपति ट्रम्पले संयुक्त राज्य अमेरिकामा भारतीय निर्यातमा लाग्ने कर १८ प्रतिशतमा घटाएको, जसले गर्दा अमेरिकी बजारमा भारतीय निर्यातको प्रतिस्पर्धात्मकता बढ्ने बताउनुभयो।

--------------------------------------------

**UN Thakur**

न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्र संघीय सामाजिक विकास आयोगको ६४ औँ सत्रलाई सम्बोधन गर्दै, महिला तथा बाल विकास राज्यमन्त्री सावित्री ठाकुरले २०४७ सम्म विकसित भारतको लक्ष्यमा सामाजिक न्याय केन्द्रित रहेको बताउनुभयो। उहाँले भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै, अधिकारमा आधारित समावेशी र जनकेन्द्रित विकास दृष्टिकोणमा जोड दिनुभयो र सत्रमा ८० करोडभन्दा बढी मानिसहरूको लागि खाद्य सुरक्षा र ५५ करोडभन्दा बढी नागरिकहरूको निम्ति निःशुल्क स्वास्थ्य सेवा सहित प्रमुख सामाजिक सुरक्षा पहलहरूको रूपरेखा प्रस्तुत गर्नुभयो।

--------------------------------------------

**Cancer Day**

आज विश्व क्यान्सर दिवस हो। यो दिवस हरेक वर्ष फेब्रुअरी ४ मा क्यान्सरबारे जागरूकता फैलाउन अनि यसको रोकथाम, पहिचान र उपचारलाई प्रवर्धन गर्न मनाइन्छ। यस अवसरमा स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले यस दिनले क्यान्सरबाट बचेकाहरूलाई सहयोग गर्ने

र स्वस्थ समाजको लागि नियमित स्क्रिनिङलाई प्रवर्धन गर्ने अवसर प्रदान गर्दछ भन्नुभयो। उहाँले प्रत्येक जिल्लामा क्यान्सर दिवस हेरचार एकाइ स्थापना र आवश्यक क्यान्सर औषधिमा भन्सार शुल्कमा छुटले बिरामीहरूलाई ठूलो राहत प्रदान गर्ने बताउनुभयो। साथै, उहाँले आयुष्मान आरोग्य मन्दिरहरूले ठूलो मात्रामा स्क्रिनिङमार्फत क्यान्सर उपचारमा उल्लेखनीय मद्दत गरिरहेको जानकारी दिनुभयो।

--------------------------------------------

**India-EU**

युरोपेली संघको बढ्दो नियामक आवश्यकताहरूको बाबजुद भारतले पशुजन्य उत्पादनहरूको निर्यातको लागि युरोपेली संघ बजारमा निरन्तर पहुँच सुरक्षित गरेको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले बताएअनुसार युरेपेली संघले एन्टिमाइक्रोबियल प्रतिरोधलाई रोक्ने उद्देश्यले नियन्त्रणहरू कडा बनाउन आफ्नो नियमहरू संशोधन गरेको छ। संशोधित नियमहरू यस वर्ष सेप्टेम्बरदेखि लागू हुनेछन्। पालना गर्न असफल भएमा युरोपेली संघमा भारतीय पशुजन्य उत्पादनहरूको निर्यातमा बाधा पुग्न सक्छ, जसमा माछा र मत्स्य उत्पादनहरू समावेश छन्, जसको मूल्य हाल १ अरब १२ करोड अमेरिकी डलरभन्दा बढी छ। तैपनि, सरकारले चालेका सक्रिय उपायहरूमार्फत, देशलाई यस वर्ष सेप्टेम्बरपछि जलीय उत्पादनहरू, अण्डा, मह र पशुजन्य छाला आयात गर्न अधिकृत देशहरू युरोपेली संघको सूचीमा समावेश गरिएको छ, जसमा दूध र कुखुरा उत्पादनहरूको लागि सशर्त प्रावधानहरू लागू हुनेछन्। संशोधित नियमहरू अन्तर्गत यस समावेशले युरोपेली बजारमा निरन्तर पहुँच सुनिश्चित गर्नेछ।

--------------------------------------------

**Cricket**

भारतले आज अण्डर-१९ एकदिवसीय क्रिकेट विश्वकपको दोस्रो सेमिफाइनलमा अफगानिस्तानको सामना गरिरहेको छ। यो खेल हरारेमा भारतीय समयअनुसार दिउँसो १ बजेदेखि सम्पन्न भइरहेको छ। यस खेलको विजेताले शुक्रबार फाइनलमा इङ्गल्याण्डको सामना गर्नेछ। भारतीय टोली अहिलेसम्म प्रतियोगितामा अपराजित रहेको छ। भारत अण्डर-१९ विश्वकपको इतिहासमा सबैभन्दा सफल टोली हो। भारतले सन् २०००, २००८, २०१२, २०१८ र २०२२ मा पाँचपटक विश्व उपाधि जितेको छ।

--------------------------------------------

**अन्त्यमा प्रमुख समाचार पुन एकपटक**

१. राष्ट्रपतिद्वारा मणिपुरमा राष्ट्रपति शासन समाप्त

२. आज लोकसभाको कार्यवाही दिनभरि स्थगित

३. ब्राजिलका राष्ट्रपति यसै महिना भारत भ्रमणमा आउनुहुँदै

४. सर्वोच्च अदालतमा पश्चिम बंगालको SIR प्रक्रियालाई चुनौती दिने याचिकाहरूको सुनुवाइ जारी

५. आज अण्डर-१९ एकदिवसीय क्रिकेट विश्वकपको दोस्रो सेमिफाइनलमा भारत र अफगानिस्तान भिड्दै

--------------------------------------------